हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ संख्याः १९ प्रमाणिकरण मितिः २०७९/१२/१२

भाग १

जीतपुरसिमरा उपमहानगरपालिका

## आमसञ्चार ऐन, २०७९

प्रस्तावनाः

नेपालको संविधान र संघीय कानूनद्वारा प्रदत्त नागरिकको विचार, अभिव्यक्ति स्वतन्त्रता एंव सूचना र संचारको हकको प्रत्याभूत गर्दै,सञ्चार माध्यम र सञ्चारकर्मीको स्वतन्त्रतालाई सुनिश्चित गरी स्वतन्त्र, तटस्थ, निष्पक्ष र बस्तुनिष्ठ सूचना तथा समाचार सामग्रीको निर्बाध प्रवाहको वातावरण निर्माण गर्न बाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ (१) बमोजिम जितपुरसिमरा उपमहानगरपालिकाको सातौं नगर सभाद्वारा आमसञ्चार ऐन, २०७९ जारी गरिएको छ ।

### परिच्छेद एक

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आमसञ्चार ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाश प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "इजाजतपत्र" भन्नाले यस ऐन बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(ख) "एफ एम" भन्नाले भी.एच.एफ. व्याण्डको ८७.५ मेगाहर्ज देखि १०८ मेगाहर्जसम्मको फ्रिक्वेन्सीमा गरिने प्रसारणलाई सम्झनुपर्छ ।

(ग) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सामग्री सम्झनु पर्छ ।

(घ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष पुर्याउने प्रविधि सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले जितपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

(ज) "अन्य पत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचार बाहेक कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने विद्यागत पत्रपत्रिका सम्झनु पर्छ ।

(झ) "पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय बनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिङ्गर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, डिजाइनर, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ ।

(ञ) "पत्रपत्रिका" भन्नाले समाचार तथा विचारमूलक सामग्री प्रकाशन गर्ने छापा माध्यमलाई सम्झनु पर्छ ।

(ट) "प्रसारण" भन्नाले, इन्क्रीप्ट गरिएको वा नगरिएको, सर्वसाधारण वा निश्चित क्षेत्र वा वर्गका जनताले जानकारी पाउन सक्ने गरी पठाइने श्रव्य वा दृष्य, श्रव्यदृष्य, कार्यक्रम, डाटा वा सूचनालाई रेडियो फ्रिक्वेन्सी, इण्टरनेट प्रोटोकल वा अन्य विद्युतीय वा विद्युत प्रकाशीय माध्यमबाट गरिने प्रसारण सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले संघीय तथा प्रादेशिक मन्त्रालय सम्झनुपर्छ ।

(ड) "सञ्चार माध्यम" भन्नाले सूचना, सन्देश सहितका समाचार सामग्री संप्रेषण गर्ने उद्देश्यले तोकिएका निकायबाट इजाजत प्राप्तगरी स्थापना भई प्रकाशन तथा प्रसारण हुने विद्युतीय, छापा तथा अनलाईन सञ्चारमाध्यम सम्झनुपर्छ ।

(ढ) "सञ्चार माध्यम प्रवद्र्धन तथा नियमन समिति" भन्नाले दफा ५ बमोजिम स्थापना भएको जितपुरसिमरा उपमहानगरपालिका आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समिति सम्झनु पर्छ ।

(ण) "संयोजक" भन्नाले सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिका संयोजक सम्झनु पर्दछ ।

(त) "सञ्चालक" भन्नाले आमसञ्चार सञ्चालन गर्न प्रमाणपत्र पाएका व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(थ) "सम्पादक" भन्नाले आमसञ्चार माध्यम सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुखसम्झनु पर्छ ।

(द) "सभा" भन्नाले जितपुरसिमरा उपमहानगरपालिको नगर सभा सम्झनु पर्छ ।

(ध) "समाचार सामग्री"भन्नाले सञ्चार माध्यममा प्रकाशन प्रसारण हुने सामग्री सम्झनु पर्छ ।

(न) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्छ ।

(प) "स्थानीय कानून" भन्नाले नगर सभाले बनाएको कानून सम्झनु पर्छ ।

(फ) "स्थानीय तह" भन्नाले जितपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्छ र सो शब्दले नगर सभालाई समेत जनाउँछ ।

(भ) "नगरपालिका" भन्नाले जितपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्छ ।

(म) "प्रमुख" भन्नाले जितपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(य) "उप-प्रमुख" भन्नाले जितपुरसिमरा उपमहानगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद दुई
## नियमन समितिको व्यवस्था

३. सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको गठनः नगरपालिकामा सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन गर्नको निमित्त देहायानुसारको एक प्रवर्द्धन तथा नियमन समितिको हुनेछः

(१) नगरपालिकामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्दै आमसञ्चार माध्यमको विकास, प्रबद्र्धन र नियमनका लागि आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समिति स्थापना गरिनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उप-प्रमुख | - सदस्य |
| (ग) कार्यपालिकाले नियुक्त गरेको एक महिला सहित फरक विधाका तीन (३) जना | - सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (ङ) नेपाल पत्रकार महासंघ जीतपुरसिमरा उपमहानगरपालिकाको अध्यक्ष वा प्रतिनिधी | - सदस्य |
| (च) प्रमुखले मनोनयन गरेको कार्यपालिका सदस्य मध्ये एक जना | - सदस्य |
| (छ) उप-प्रमुखले मनोनयन गरेको फरक क्षमता भएको पत्रकारिता क्षेत्रका व्यक्ति | - सदस्य |
| (ज) प्रमुखले मनोनयन गरेको नगरपालिकाभित्र सञ्चालित सञ्चार गृहको प्रतिनिधि | - सदस्य |
| (झ) नगरपालिकाको सूचना तथा प्रविधि शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा १ को (ग) मा नियुक्त हुने व्यक्ति स्नातक तह उर्त्तिण वा आमसञ्चार वा कानूनका क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभव भएको हुनुपर्नेछ ।

(३) सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको कार्यालय नगरपालिकाको सूचना तथा प्रविधि शाखामा रहनेछ ।

४. सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको उद्देश्यः सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको उद्देश्य देहाय बमोजिम हुनेछः

क) संविधान र संघीय कानूनले प्रत्याभूत गरेका अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हक लगायत मौलिक हक सुनिश्चितताका लागि स्थानीय सरकारवाट सञ्चार माध्यमको संरक्षण, विकास, प्रबद्र्धन र नियमन गर्ने,

ख) स्वतन्त्र, व्यावसायिक र जनउत्तरदायी मिडियाको संस्थागत विकासका लागि १०० वाटसम्मका एफएम रेडियो, केवल टेलिभिजन र स्थानीय तहवाट प्रकाशन हुने पत्रपत्रिका, अनलाईन पत्रिका लगायतका सञ्चार माध्यमको स्वतन्त्र र निष्पक्ष रूपमा अभिलेखिकरण, इजाजत तथा नियमन प्रणालीको विकास गर्ने ।

ग) सञ्चार माध्यमलाई स्थानीय पूर्वाधारको विकास, शिक्षा, सामाजिक उत्तरदायित्व, विज्ञान तथा प्रविधि, पर्यटन, जनस्वास्थ्य, वातावरण, कृषि, जलस्रोत, ग्रामीण विकास, वातावरणको संरक्षण, उपभोक्ता अधिकार तथा जनचेतना र सुशासनमूलक समाचार, सामग्री र कार्यक्रम प्रकाशन, प्रसारण तथा निर्माण गर्न प्रोत्साहन गर्ने ।

घ) समानता, न्याय र सहअस्तित्वको सिद्धान्तमा आधारित भई तथा पालिकाभित्र बोलिने सबै भाषा, साहित्य, लिपी, कला र संस्कृतिको समान संरक्षण गरी नगरपालिकाको सांस्कृतिक विविधतालाई आत्मसात गर्दै विभिन्न धर्म, संस्कृति, जात, समुदाय, सम्प्रदाय, वर्ण र भाषिक समुदायबीच स्वस्थ र हार्दिक सम्बन्ध विकास गरी राष्ट्रिय एकता र अखण्डता सुद्धढ गर्न आम सञ्चार माध्यमलाई उत्प्रेरित गर्ने ।

ङ) नगरपालिकाका सम्पूर्ण जनसमुदायमा आम सञ्चार माध्यमको पहुंच स्थापित गर्न स्थानीय सञ्चार माध्यममा लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने ।

च) नगरपालिकामा सञ्चालित सञ्चार माध्यमको वर्गीकरण गर्ने ।

छ) नगरपालिकामा सञ्चालित सञ्चार माध्यममा कार्यरत पत्रकारहरुलाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

ज) नगरपालिका पत्रकारिताको संस्थागत विकास र श्रमजीवी पत्रकारहरुको हितका पक्षमा अन्य आवश्यक कार्यहरु गर्ने ।

झ) श्रमजीवी पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अध्ययन भ्रमण र सेमिनारहरुको संचालन गर्ने ।

५. सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको काम, कर्तव्य र अधिकरः सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्थानीय तह स्तरमा एफएम रेडियो, पत्रपत्रिका, टेलिभिजन,केबुल वितरक र ईन्टरनेट सेवा प्रदायक संस्था सञ्चालनको अनुमति प्रदान गर्ने तथा नवीकरण र नियमन गर्ने,

ख) पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, निजी तथा सामुदायिक एफएम रेडियो, टेलिभिजन, केबुल टेलिभिजन, केबुल वितरक र ईन्टरनेट सेवा प्रदायक संस्था र ती संस्थामा कार्यरत जनशक्तिको अभिलेख राख्ने,

ग) स्थानीय तहमा सूचना प्रविधिको प्रयोग र विकास प्रवद्र्धनका लागि आवश्यक कार्य गर्ने,

घ) आमसञ्चारका माध्यम र पत्रकारलाई स्थानीय तहवाट दिइने सुविधाका सम्वन्धमा नीतिगत निर्णय लिने,

ङ) महिला, दलित, अपागंता भएका तथा अल्पसंख्यकले संचालन गरेका एवम् विभिन्न स्थानीय भाषा तथा सामुदायिक संचार माध्यमलाई विशेष सहुलियत उपलब्ध गराउने ।

च) समितिको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने ।

छ) आमसञ्चार माध्यमसम्बन्धी हकको संरक्षण, प्रचलन र प्रवर्द्धन गर्ने गराउने ।

ज) स्वतन्त्र पत्रकारिताको संस्थागत विकास, आमसञ्चार तथा पत्रकारिता अध्ययन, अनुसन्धान र प्रवर्द्धन गर्नका आवश्यक्ता अनुसार कोषको स्थापना गर्ने ।

झ) स्थानीय तहवाट प्रकाशन हुने अनलाइनको पाठक सख्या, पत्रपत्रिकाको प्रकाशन संख्या र सामग्रीको गुणस्तर समेतका आधारमा तोकिए बमोजिमको मापदण्ड अनुसार अनलाईन र पत्रपत्रिकाको वर्गीकरण गर्ने । एफएम रेडियो र केवुल टेलिभिजनमा प्रसारण हुने सामाग्री, जनशक्ति र प्रसारण पहुँचका आधारमा एफएम रेडियो र केवुल टेलिभिजनको वर्गिकरण गर्ने ।

ञ) स्थानीय तहभित्रका पत्रकारको क्षमता विकास, सिप विकास र सञ्चार माध्यमको व्यावसायीक विकास एवम् श्रमजीवी पत्रकारको पेशागत र व्यावसायिक सुरक्षाका लागि आवश्यक सहयोग पुर्याउने ।

ट) स्थानीय तहको विज्ञापनमा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकता दिने गरी वितरण नीति तय गर्ने ।

ठ) जनउत्तरदायी पत्रकारिताका लागि आचार संहिता पालनाको वातावरण निर्माण र कार्यान्वयन गर्ने ।

ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

६. कार्यक्षेत्रः सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको कार्यक्षेत्र स्थानीय तहभर हुनेछ ।

७. सञ्चार माध्यम नियमन समितिको बैठक र निर्णयः

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछन् र निजको अनुपस्थितिमा कार्यवाहकको अख्तियारी पाएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णय सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनेछन ।

(६) समितिले सम्बन्धित विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(७) समितिको संयोजक, सदस्यहरु र आमन्त्रीतले तोकिए बमोजिमको सुविधा र बैठकमा भाग लिए बापत बैठक भत्ता पाउनेछन् ।

(८) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले बनाउन सक्नेछ ।

## परिच्छेद तीन

## पत्रपत्रिका सम्बन्धी ब्यवस्था

८. पत्रपत्रिकाको अभिलेखीकरण गराउनु पर्नेः

(१) कुनै व्यक्ति वा संस्थाले नगरपालिकाभित्र पत्रपत्रिका प्रकाशन गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई समितिमा अभिलेखीकरणका लागि पेश गरि सो को अभिलेखीकरण नगरपालिकामा गर्नुपर्छ ।

तर नेपाल सरकारको कार्यालय, नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, नेपाल सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानूनबमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम अभिलेखीकरण गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम अभिलेखीकरण गर्दा उल्लिखित पत्रपत्रिकाको नामसित मिल्ने गरी अर्को कुनै पत्रपत्रिका नेपालको अन्य कुनै भूगोलवाट प्रकाशन भइरहेको वा सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिमा अभिलेखीकरण भैसकेको रहेछ भने समितिले दरखास्त दिएको १५ दिनभित्र दरखास्तवालालाई सो को जानकारी गराउने ।

(३) उपदफा (१) बमोजिम अभिलेखीकरण भएको अभिलेख सम्बन्धित निकायबाट मागेको बखत उपलब्ध गराउनु पर्नेछ।

(४) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा एक स्थानीय तह स्तरबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य स्थानीय तह वा एकभन्दा बढी स्थानीय तहबाट प्रकाशित गर्नु परेमा वा स्वामित्व परिवर्तन गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु पर्ने भएमा अभिलेख सच्याउनका लागि समितिमा आवेदन दिनु पर्नेछ । समितिले अभिलेख सच्चाई सोको जानकारी प्रदेश र संघीय तहका सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

९. पत्रपत्रिकामा उल्लेख गर्नुपर्नेः पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रकको नाम तथा प्रकाशन वर्ष र अंक स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

१०. अनलाईन पत्रिका सम्बन्धि व्यवस्थाः

(१) सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल नेपालमा दर्ता, सूचिकरण, नविकरण भएका स्थानीय अनलाईन पत्रिका यस नगरपालिकाको कार्यालयमा दर्ता वा सूचिकरण गर्नु पर्नेछ ।

(२) यस उपमहानगरपालिकाको कार्यालयमा दर्ता वा सूचिकरण हुन आउने स्थानीय अनलाईन पत्रिका संचालन गर्ने संचारगृह दर्ता हुन आउँदा सूचना तथा प्रसारण विभाग दर्ता प्रमाणपत्र तथा नविकरण प्रमाणपत्र, प्रेस काउन्सिल नेपालमा दर्ता प्रमाणपत्र तथा नविरकण, कम्पनी दर्ता प्रमाणपत्र, भ्याट,प्यान दर्ता, कर चुक्ता प्रमाणपत्र र सम्बन्धित संस्थाको लेटरहेडमा निवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद चार

## प्रसारण सम्वन्धी व्यवस्था

११. इजाजत लिनुपर्नेः

(१) यस ऐन बमोजिम प्रसारण संस्थाले १०० वाटसम्मको रेडियो, स्थानीय अनलाइन, स्थानीय केवल टेलिभिजन वा ताररहित टेलिभिजनमार्फत् कुनै पनि कार्यक्रम प्रसारण, सिग्नल वितरण र कुनै पनि प्रकारको विद्युतीय नेटवर्क

गौरीशंकर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

मार्फत् कार्यक्रम अपलोड वा प्रसारण तथा डाउनलिङ्क गर्नु परेमा तोकिए बमोजिमको प्रक्रिया अपनाई इजाजत लिनुपर्ने छ ।

(२) अनलाईन पत्रिका प्रकाशन गर्ने संस्था वा प्रकाशक र सम्पादकको नाम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

(३) अनलाईन पत्रिकाको पाठक संख्या र स्थानीय विषयवस्तु सहित गुणस्तरीय सामाग्रीलाई वर्गिकरणको आधार मानिनेछ

१२. इजाजतपत्रको लागि सञ्चार माध्यम नियमन समितिमा निवेदन दिनुपर्नेः

(१) कुनै प्रसारक संस्थाले कार्यक्रम उत्पादन गरी तोकिएको कुनै माध्यमबाट श्रव्य, श्रव्यदृश्य प्रसारण गर्न चाहेमा तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) कसैले स्थानीय तहभित्र नेटवर्कमार्फत् कुनै कार्यक्रम संचालन वा प्रसारण गर्न चाहेमा तोकिएको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) कसैले स्थानीय तहभित्र अनलाइन प्रणाली मार्फत् सञ्चार माध्यम सञ्चालन गर्न चाहेमा तोकिएको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

१३. इजाजतपत्र सम्बन्धी व्यवस्थाः

(१) दफा ११ बमोजिम पर्न आएका निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी तोकिएको शर्तहरु पालना गर्ने गरी तोकिएको ढाँचामा इजाजतपत्र दिने छ ।

१४. इजाजतपत्रको नवीकरणः

(१) इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ ।

(२) इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र नगरपालिकाको आर्थिक ऐनले तोकेको दस्तुरसहित नवीकरण गर्न सञ्चार माध्यम नियमन समितिमा निवेदन दिनु पर्नेछ । समितिले आफू समक्ष निवेदन आएको ७ दिनभित्रै नवीकरण गरि दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा तोकिए बमोजिम जरिवानासहित नवीकरण गरिनेछ ।

## परिच्छेद पाँच

## पत्रकार, कामदार र कर्मचारीहरूको नियुक्ति र सेवा सुविधा सम्बन्धी व्यवस्था

१५. आमसञ्चार संस्थामा कार्यरत पत्रकार, कामदार र कर्मचारीहरूको नियुक्ति र सेवा सुविधा सम्बन्धी व्यवस्थाः

(१) संचार माध्यमले पत्रकार तथा अन्य कर्मचारीहरूको नियुक्ति गर्दा योग्यता, छनौट प्रक्रिया, सेवा र सुविधा सम्बन्धी शर्तहरू सञ्चार संस्थाको विनियममा व्यवस्था गरी लागु गर्नु पर्नेछ ।

(२) पत्रकार तथा अन्य कर्मचारीहरूको योग्यता निर्धारण गर्दा सम्बन्धित क्षेत्रको दक्षता भएको हुनुपर्दछ ।

(३) आमसञ्चार संस्थाका पत्रकार तथा अन्य कामदार र कर्मचारीहरूको सेवा सुविधा निर्धारण गर्दा प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम् पारिश्रमिकमा नघट्ने गरी गर्नुपर्नेछ ।

(४) आमसञ्चार संस्थाले प्रकाशन तथा प्रसारण गर्ने समाचार सामग्री छनौट र सम्पादनको अधिकार र उत्तरदायित्व बहन गर्न तोकिएको योग्यता पुगेको व्यक्तिलाई सम्पादकको रूपमा नियुक्त गर्नेछ । सम्पादकमा नियुक्त व्यक्तिलाई सम्पादकीय स्वतन्त्रता हुनेछ ।

(५) आमसञ्चार संस्थामा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरू सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद छ
## आमसञ्चार माध्यम सम्बन्धी अन्य व्यवस्था

१६. स्वनियमन र स्वमूल्याङ्कन सम्बन्धी व्यवस्थाः आमसञ्चार संस्थाले आचार संहिता निर्माण, गुणस्तर सुधार र आमसञ्चारको प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहीता पालना गर्न गराउनका लागि स्वनियमन र स्वमूल्याङ्कनको सिद्धान्त लागू गर्नेछन् ।

१७. लगानी सम्बन्धी व्यवस्थाः

(१) कुनै पनि व्यक्ति, समूह वा संस्थाले संचार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिनका लागि दिइने निवेदन साथ सम्बन्धित संचार माध्यममा गरिने लगानीको स्रोत खुलाउनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संचार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहले सो बाहेक एकै प्रकृतिका अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउने छैनन ।

१८. प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्थाः आमसंचार संस्थाले नगरपालिकाभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण समिति समक्ष पेश गरेमा विवरण प्राप्त भएका प्रतिनिधिहरुलाई प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गरिने छ ।

१९. सूचना बैंकको स्थापनाः

(१) नगरपालिकाभित्रका सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामग्री, सूचना तथा निर्णयहरु संकलन गरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्न सक्नेछ ।

(२) सूचना बैंकको सञ्चालन, व्यवस्थापन र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. स्थानीय तहभित्रका लोककल्याणकारी, सूचनामूलक, सन्देशमूलक सरकारी विज्ञापन समानुपातिक ढंगले वितरण गरिने छ । समानुपातिक विज्ञापन वितरण सम्वन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

२१. यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार संस्थाको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिन भित्रमा त्यसको जानकारी तोकिएको ढाँचामा समितिलाई दिनु पर्नेछ र समितिले तत्सम्वन्धी विवरण अभिलेखमा राख्नु पर्नेछ ।

२२. कसैले दफा १२ बमोजिम इजाजतपत्र नलिई सञ्चार माध्यम सञ्चालन गरेमा वा यस कानूनको उल्लंघन गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२३. श्रमजीवी पत्रकारको लागि लेखनवृत्ति र पत्रकारितामा स्नातकोत्तर अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ ।

२४. यो ऐन कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

२५. यो ऐनलाई आवश्यक्ता अनुसार नगर सभाले संसोधन गर्न सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश,

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत